National Co-operative Federation of Nepal Ltd.
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

राष्ट्रिय सहकारी संघ लि. नेपाल
पुल्चोक, ललितपुर
पो.ब.नं. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
Website: www.ncfnepal.com.np

च.नं.: २६०/०७३/७४

मिति: २०७३/०८/१३

श्री सम्पूर्ण सदस्य संघहरू

**विषय: उत्कृष्ट सहकारी पुरस्कार र उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार सम्वन्धमा ।**

उक्त सम्वन्धमा विगतका वर्षहरूदेखि नै सहकारी अभियानमा अनुकरणीय कार्य गर्ने उत्कृष्ट सहकारी संघ/संस्थाहरूको छनौट गरी अन्य सहकारी संघ/संस्थाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ नेपालको सहकारी अभियानको तर्फबाट यस संघले पुरस्कार प्रदान गर्दै आइरहेको व्यहोरा स्मरणका लागि अनुरोध गर्दछौं ।

समुदायमा आधारित भएर सहकारी व्यवसाय मार्फत सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याउने सहकारी संस्थाहरूमध्येबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७३ र सदस्य संघ/संस्थाहरूको प्रवर्द्धन गरी नेपालको सहकारी अभियानलाई योगदान पुऱ्याउने सहकारी संघहरू मध्येबाट उत्कृष्ट सहकारी पुरस्कार, २०७३ को छनौट गरी प्रत्येक वर्ष राष्ट्रिय सहकारी दिवसका दिन घोषणा एवंम अन्तर्राष्ट्रिय सहकारी दिवसको विशेष समारोहमा यस संघले पुरस्कार प्रदान गर्दै आइरहेको छ ।

उक्त पुरस्कारहरूलाई अझ लोकप्रिय, मर्यादित र सम्मानित बनाउनका लागि मुलुकका सबै भौगोलिक क्षेत्रहरूका उत्कृष्ट कार्य गर्ने सहकारी संघ/संस्थाहरूलाई समेटने लक्ष्य यस संघले लिएको छ । अत: उक्त पुरस्कारहरूको लागि यसैपत्र साथ संलग्न गरिएको विवरण फारमहरू भर्न लगाई त्यस संघका सदस्य संघ/संस्थाहरूमध्ये पुरस्कृत गर्न योग्य सहकारी संघहरू मध्येवाट १ वटा र प्रारम्भिक सहकारी संस्थाहरूमध्येवाट २ वटालाई आवश्यक कागजातहरुसहित सिफारिस साथ यही २०७३ पौष मसान्तभित्र यस संघमा आईपुग्ने गरी पठाई दिन हुन हार्दिक अनुरोध गर्दछौं ।

साथै, विस्तृत विवरणका लागि यस संघको वेवसाइड www.ncfnepal.com.np तथा संघवाट प्रकाशित हुने २०७३ मंशीर महिनाको सहकारी सन्देश पत्रिकामा हेर्न हुन अनुरोध छ ।

सहयोगको अपेक्षा सहित सहकारी अभिवादन !

..............................
(रामभजन शाह)
महाप्रबन्धक

संलग्न:

क) उत्कृष्ट सहकारी पुरस्कार -२०७३ विवरण फारम

ख) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार -२०७३ विवरण फारम